# बान्नीगढी जयगढ गाउँपालिका

(Bannigadhi Jayagadh Rural Municipality)

# गाउँ कार्यपालिकाको कार्यालय

## (Office Of The Rural Municipal Executive)

जयगढ, अछाम

(Jayagadh, Achham)

सुदूरपश्चिम प्रदेश, नेपाल

(Sudurpashchim Province, Nepal)

पत्र संख्या (Ref. No.) : २०८३/०८४

चलानी नं. (Disp. No.) : २४४

मिति : २०८३।०६।१३

नेपाल संवत् : ११४६

श्री सुयोग इन्जिनियरिङ्ग कन्सल्टेन्ट
(स्थायी लेखा नं. १०७८४००९७)
धनगढी उपमहानगरपालिका वडा नं. ४, धनगढी, कैलाली ।

विषय : DPR पुनरावलोकन सम्बन्धमा (अन्तिम ताकेता) ।

प्रस्तुत विषयमा यस बान्नीगढी जयगढ गाउँपालिकाको चलानी नं. २९०, मिति २०८३।०६।०२ गतेको पत्र मार्फत तपाईंको परामर्श सेवाबाट तयार गरिएको वडा नं. ४ को वडा कार्यालय भवन निर्माणको विस्तृत आयोजना प्रतिवेदन (DPR) पुनरावलोकन तथा आवश्यक परिमार्जनका लागि पत्राचार गरिएकोमा हालसम्म कुनै प्रतिक्रिया प्राप्त नभएको बेहोरा जानकारी गराईन्छ ।

तसर्थ, यो पत्र प्राप्त भएको मितिले ३ (तीन) दिन भित्र यस कार्यालयमा अनिवार्य रूपमा उपस्थित भई वा कार्यालयको सम्पर्कमा आई DPR परिमार्जनको कार्य अगाडि बढाउनुहुन यो अन्तिम ताकेता गरिएको छ ।

पुनश्च : तोकिएको म्याद भित्र उपस्थित नभएमा वा सम्पर्कमा नआएमा तपाईंको परामर्श सेवासँगको कार्य स्वतः रद्द भई तपाईको फर्मलाई प्रचलित सार्वजनिक खरिद कानून बमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने समेत जानकारी गरिन्छ ।

..........................................
सुरेश प्रसाद जैसी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखा : यो पत्र सम्बन्धितलाई इमेल वा सामाजिक सञ्जाल मार्फत जानकारी हुनेगरी पठाउन तथा गा.पा. को वेबसाइटमा प्रकाशन गर्नुहुन ।